बैठक नं : १२

आज मिति २०७७ साल असार २ गते दिउँसो १ :०० बजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप-प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.-१ | |
| ४ | श्री कालि बहादुर बली | अध्यक्ष वडा नं.-२ | |
| ५ | श्री लिला बहादुर शाह | अध्यक्ष वडा नं.-३ | |
| ६ | श्री खम्ब जंग शाह | अध्यक्ष वडा नं.-४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.-५ | |
| ८ | श्री शसिराम बुढा | अध्यक्ष वडा नं.-६ | |
| ९ | श्री चन्द्र बहादुर शाही | अध्यक्ष वडा नं.-७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.-८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.-९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.-१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.-११ | |
| १४ | श्री निम बहादुर भनारी | अध्यक्ष वडा नं.-१२ | |
| १५ | श्री गोपाल बहादुर बटाला | अध्यक्ष वडा नं.-१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | मनकला |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सुजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री बिर बहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २. | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३. | | | |
| ४. | | | |

Scanned with CamScanner

निर्णयहरु

१. विश्वव्यापी रुपमा फैलिईरहेको कोरोना संक्रमण (कोभिड १९) को महामारीका कारण संसारभरीका प्राय सबैजसो देशहरु लकडाउनमा रहेको अवस्थामा चालु आ.व.मा प्रस्ताव गरिएका अधिकांश कार्यक्रमहरु कार्यान्वयन कठिनाई उत्पन्न भएको छ भने आगामी आर्थिक बर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न समेत अवस्था प्रतिकुल रहेको छ । यस प्रतिकुल अवस्थामा हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाउँ टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाको दृष्टिकोणले असम्भव भएकोले योजना तर्जुमाका दृष्टिकोणले महत्वपूर्ण रहेका क्रियाकलापहरु सहित देहाय बमोजिम कार्यसूची अनुसार आगामी आ.व. २०७७।७८ को लागि नगर सभाको तयारी तथा संचालन गर्ने ।

तपसिल

नगर सभा कार्यसम्पादन कार्यतालिका,२०७७

| क्र. सं. | के गर्ने | कहिले गर्ने(समय) | कसरी गर्ने | जिम्मेवार को | को–को संलग्न रहने /कानुनी व्यवस्था |
|---|---|---|---|---|---|
| १. | राजस्व परामर्श समितिको बैठक | २०७७/३/४ गते | छलफल / राय सुझाव आदान प्रदान मार्फत निर्णयमा पुग्ने । | उप–प्रमुख,प्र.प्र.अ.र राजस्व शाखा/ शाखा प्रमुखहरु | स्थानीय सरकार सँचालन ऐन,२०७४ को दफा ६५ बमोजिमका पदाधिकारीका अतिरिक्त मालपोत, वन र कोष नियन्त्रक आमन्त्रित |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | २०७७/३/५ | बैठक मार्फत व्यापक छलफलका साथ स्रोत अनुमान तथा वडागत तथा विषयगत बजेट सिलिंग निर्धारण गर्ने | नगरपालिका नगरप्रमुख,उप–प्रमुख तथा प्र.प्र.अ.तथा शाखागत प्रमुखहरु | स्थानीय सरकार सँचालन ऐन,२०७४ को दफा ६६ बमोजिमको समिति |
| ३. | वडा स्तरीय योजना तर्जुमा बैठक | असाढ ६ र ७ गते | वडा समितिमा छलफल गरी योजना छनौट गर्ने | सम्वन्धित वडा समिति | वडा समितिका पदाधिकारीहरु/विकासका साझेदारहरु |
| ४. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक /बजेट तथा कार्यक्रम तयारी | असाढ ८ गते | बजेट तर्जुमा समितिमा आमन्त्रितको रुपमा कार्यपालिका सदस्यहरुको सहभागितामा | बजेट तथा कार्यक्रम तर्जुमा समिति | बजेट तर्जुमा समिति, कार्यपालिका सदस्यहरु,शाखा प्रमुखहरु |
| ५. | कार्यपालिकाको बैठक वजेट तथा कार्यक्रम अनुमोदन तथा सिफारिश | असाढ ९ गते | बजेट तर्जुमा समितिबाट सिफारीस भई आएका नीति, बजेट तथा कार्यक्रम पारीत गरी सभामा पेश गर्ने | कार्यपालिका | कार्यपालिका सदस्यहरु |
| ६. | बजेट सभा उद्घाटन तथा संचालन , जिल्ला समन्व्य समितिको सभाहलमा | असाढ १० गते दिउसो २: ०० बजे जिसस सभा हल | | कार्यपालिका, नगरसभाका सदस्यहरु, कर्मचारीहरु | सबै वडा सदस्यहरु लगायत कार्यपालिकाका सदस्यहरु |

Scanned with CamScanner

२. नगर (बजेट) सभाको तयारीका लागि वडास्तरमा हुने बैठक तथा छलफलका लागि चिया खाजा तथा स्टेशनरी प्रयोजनका लागि प्रति वडा रु ५०००। (अक्षरुपी पाँच हजार) रुपैंयाँ भुक्तानी दिने ।

३. बजेट सभाको तयारी तथा सहजीकरणका लागि कामको प्रकृति अनुसार कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड गरी परिचालन गर्न कार्यालयलाई निर्देशन दिने ।

४. यस नगरपालिका क्षेत्रमा बसोवास गर्ने आवास विहिन अति विपन्न नागरिकहरुको आवास निर्माणका लागि संचालनमा रहेको जनता आवास कार्यक्रम अन्तर्गत यस चालु आ.व.मा वडा नं. ६ निवासि ललित गाईनको घर निर्माणका लागि संभौता भई निर्माण भईरहेकोमा निज ललित गाईन भारततिर गएको र आउने ठेगान नभई निजकी श्रीमति सरस्वति गाईनले घर निर्माण गरिरहेकी र घर निर्माण भईरहेको जग्गाको दर्ता प्रमाण पुर्जा र घर निर्माणको संभौता श्रीमान्‌को नाममा भई रकम निकासा गर्न समस्या भएकोले निर्माण सम्पन्न भएपछि सम्भौता बमोजिम पाउने रकम निजकी श्रीमति सरस्वति गाइनको नाममा भुक्तानी गर्न सम्वन्धित कार्यालयमा सिफारिस गर्ने ।

५. नगरपालिकाको आन्तरिक आम्दानीको मुख्य श्रोतको रुपमा रहेको घरजग्गा रजिष्ट्रेशन वापतको रकम मालपोत कार्यालय जाजरकोटले नियमानुसार संकलन गरी यस नगरपालिकामा पठाई रहेको र कार्यालयका श्रेस्ता लगायत अन्य महत्वपूर्ण कागजातहरु सुरक्षित रुपमा राखि सेवा प्रवाहलाई व्यवस्थित एवं प्रभावकारी बनाउन मोठ, लिखत, तथा श्रेस्ता व्यवस्थापन र ईन्टरनेट जडान गर्नका लागि मालपोत कार्यालय जाजरकोटको मिति २०७७।२।२६ च.नं.६६६ को पत्रबाट अनुरोध भई आएकोले चालु बर्षमा प्राप्त रकमबाट खर्च लेख्ने गरी रु १ लाख ४० हजार रुपैयाँ मालपोत कार्यालय जाजरकोटको सेवा सुदृढिकरणका लागि स्वीकृत गर्ने ।

६. यही बैशाख अन्तिम साताबाट महामारीको रुपमा फैलिएको अमेरीकन फौजी कीरा र मकै लगाएत अन्य बालीहरुको फेद कटुवा किराको प्रकोप समयमै नियन्त्रण गर्न नसकिएको खण्डमा मकै लगायत अन्य बर्षे बालीको उत्पादनमा ह्रास भई खाद्य सुरक्षामा प्रतिकुल असर पर्ने देखिएको र किटनासक औषधि लगायत अनि आवश्यक सामाग्री खरिद तथा व्यवस्थापनको लागि चालु आ.व.मा कृषि तर्फको विनियोजित बजेटमा विषादी खरिदको लागि बजेटको श्रोत नभएकोले विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ का कारण सम्पन्न हुन नसक्ने विभिन्न तालिम, बैठक, दिवश, आदिको शिर्षकमा खर्च गर्न नसकिने तपसिलमाा उल्लेखित बजेट शिर्षकलाई उल्लेखित कार्यक्रम खर्च शिर्षकमा रकमान्तर गरी तत्काल फौजी कीरा, फेद कटुवा र ढुसी तथा व्याक्टेरीयाजन्य रोग नियन्त्रण गर्ने ।

तपसिल

| क्र. सं. | कार्यक्रम खर्च शि नं. | स्विकृत कार्यक्रमको विवरण | खर्च हुन बाकी बजेट रु | रकमान्तर गर्नुपर्ने कार्यक्रम |
|---|---|---|---|---|
| १ | ६ | लिचिको बगैंचा स्थापना परल मुल्यमा ७५ प्रतिशत अनुदान र शतप्रतिशत मुल्य अनुदान सहित | २०००0।0 | आकस्मीक बाली संरक्षण सेवा कार्यक्रम फौजी तथा फेदकटुवा किरा र ढुसी तथा |
| २ | ७ | रुखकटहरुको बगैंचा स्थापना सहयोग शतप्रतिशत अनुदान सहित | २५०००।0 | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १० | सुन्तला बगैंचा स्थापना परल मुल्यमा ७५ प्रतिशत अनुदान र शतप्रतिशत मुल्य अनुदान सहित | ३०००००० | व्यक्टेरियाजन्य रोग नियन्त्रण |
| ४ | ११ | अलैंची बगैंचा स्थापना परल मुल्यमा ७५ प्रतिशत अनुदान र शतप्रतिशत मुल्य अनुदान सहित | ९०००००० | |
| ५ | १३ | फलफुल बगैचा स्थापनको लागि स्थलगत तालिम | ७५०००० | |
| ६ | १४ | मौसमी तरकारीको उन्नत बीउ वितरण शतप्रतिशत अनुदानमा | १००००००० | |
| ७ | १५ | मौसमी तथा वेमौसमी तरकारीको हाइब्रिड विउ वितरण ५० प्रतिशत अनुदानमा | ५००००० | |
| ८ | १७ | तरकारी खेतिको लागि स्थलगत तालिम | २५०००० | |
| ९ | २४ | धानको मुल बीउ वितरण ५० प्रतिशत अनुदानमा शतप्रतिशत ढुवानी सहित | ३००००० | |
| १० | २६ | बाली कटानी सम्वन्धि स्थलगत तालिम | १००००० | |
| ११ | २९ | सीमीको मुल बीउ वितरण ७५ प्रतिशत अनुदानमा ढुवानी सहित | ५०००० | |
| १२ | ३३ | लैङ्गिक मैत्री कृषि औजार वितरण सहयोग ५० प्रतिशत अनुदान र शतप्रतिशत ढुवानी अनुदान सहित **(भेरी नगरपालिकाको दोस्रो नगर सभाबाट स्थलगत तालिमको लागि संसोधित बजेट)** | २५०००००० | |
| १३ | ४२ | नगरपालिका स्तरीय तालिम संचालन | ७००००० | |
| १४ | ४४ | साझेदारीमा संचालित कार्यक्रम (धान दिवश) | ६००००० | |
| १५ | ४५ | कृषि संग सम्वन्धित सरोकारवाला निकाय बीच समन्वय कार्यक्रम | ५००००० | |
| | जम्मा | | ८९०००००० | |

७. २०७६ फागुन, १५ गते र २०७७ जेठ २८ गते नगर शिक्षा समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने ।